## १२. प्रशासकीय पुनरावलोकन/पुनरावेदन

**१. प्रशासकीय पुनरावलोकन भनेको के हो ?**

*कर प्रशासन तथा करदाता बीचको द्वन्द्व तथा विवाद निरुपण गर्न र कर प्रशासनबाट हुने गरेका कार्यगत,गणितीय,प्राविधिक तथा कानूनी त्रुटिहरूलाई प्रशासनिक तवरबाट समाधान गर्न विभागका महानिर्देशक समक्ष निवेदन दिने व्यवस्था नै प्रशासकीय पूनरावलोकन हो । कर प्रणालीको विवाद निरुपणको प्रथम प्रस्थान विन्दु नै प्रशासकीय पूनरावलोकन हो ।*

**२. कर अधिकृतले गरेको कर निर्धारण प्रति मलाई चित्त बुझ्ेन मैले के गर्ने ?**

*कर अधिकृतले गरेको कर निर्धारणको निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र सो निर्णय बिरुद्ध प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिन सक्नुहुनेछ । निवेदन दिने म्याद गुज्रिन गई कुनै करदाताले म्याद थपको लागि म्याद गुज्रिएको मितिले सात दिन भित्र निवेदन दिएमा विभागले म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ ।*

**३. के कस्तो अवस्थामा र के के कुराका लागि प्रशासकीय पुनरावलोकनका लागि आवेदन गर्न पाईन्छ ?**

*कर अधिकृतले गरेको कर निर्धारणको निर्णयको बिरुद्ध मात्र प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सकिन्छ ।*

**४. कर परीक्षणको क्रममा/प्रारम्भिक कर निर्धारणबाट कर अधिकृतले म उपर अन्याय गर्न लागेको भन्ने मलाई लागेमा प्रशासकीय पुनरावलोकन बाहेक उपचारको बाटो अरु केही छ ?**

*ऐनको दफा ३०क मा कर निर्धारण भई नसक्दै सो कर निर्धारण सम्बन्धी कुनैकारबाही अनियमित हुन लागेको छ वा भएको छ भन्ने कुरा महानिर्देशकलाई प्राप्त सूचनाबाट देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले पुनः कर निर्धारण गर्न सम्बन्धित कर अधिकृतलाई निर्देशन दिन वा अन्य कुनै कर अधिकृतलाई सो काम गर्न आदेश दिन सक्ने व्यवस्था रहेको हुँदा सो दफा अर्न्तगत महानिर्देशकबाट उपचार प्राप्त गर्न सक्नुहुन्छ ।*

**५. प्रशासकीय पुनरावलोकनका लागि कति दिन भित्र कहाँ निवेदन दिनु पर्दछ ?**

*कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र त्यस्तो निर्णय बिरुद्ध आन्तरिक राजस्व विभाग समक्ष निवेदन दिन सक्नेछ ।*

**६. प्रशासकीय पुनरावलोकन गर्नका लागि आवेदन राख्दा धरौटी राख्नु पर्छ कि पर्दैन ? कति राख्नु पर्छ ?**

*पर्छ । निर्धारित कर रकम मध्ये विवाद रहित कर रकम बुझाई विवादित कर रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ । तर आफूले कर रकम बुझाईसकेको अवस्थामा वा क्रेडिट अवस्थामा सो रकम स्थगनमा राखी धरौटीका रुपमा उपयोग गर्न सकिनेछ ।*

**७. प्रशासकीय पुनरावलोकन गर्नका लागि आवेदन दिंदा धरौटी वापत बैंक जमानी राख्न मिल्छ मिल्दैन ?**

*मिल्दैन । नगद धरौटी राख्नु पर्दछ । तर आफूले कर रकम बुझाईसकेको अवस्थामा वा क्रेडिट अवस्थामा सो रकम स्थगनमा राखी धरौटीका रुपमा उपयोग गर्न सकिनेछ ।*

**८. प्रशासकीय पुनरावलोकनबाट पनि मलाई चित्त नबुझेमा मैले के गर्ने ?**

*दफा ३१क. को दफा (४) बमोजिम विभागले प्रशासकीय पुनरावलोकन गर्दा गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पूनरावेदन दिन सक्नु हुनेछ ।*

**९. प्रशासकीय पुनरावलोकनका लागि आवेदन प्रक्रिया के हो ? कागजात केके चाहिन्छ ?**

*प्रशासकीय पुनरावलोकनको निवेदन सम्बन्धित आ.रा.का. मार्फत् वा सोझै आ.रा.वि.को महानिर्देशकलाई दिन सकिन्छ । निवेदन,कर निर्धारण आदेशको प्रतिलिपी र धरौटी राखेको प्रमाण सहित आवेदन गर्नुपर्दछ ।*

**१०. ऐनले तोकेको म्याद (६० दिन) भित्र प्रशासकीय पुनरावलोकनबाट मैले उपचार पाइन भने मैले के गर्ने ?**

*म्यादभित्र विभागले निर्णय नदिएमा तपाईंले राजस्व न्यायाधिकरण ऐन,२०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पूनरावेदन दिन सक्नुहुनेछ ।*

**११. कस्तो अवस्थामा र के के कुराका लागि राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न पाईन्छ ?**

*ऐनको दफा ३० बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश वा दफा ३१क. को उपदफा (४) बमोजिम विभागले प्रशासकीय पुनरावलोकन गर्दा गरेको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सकिन्छ ।*

**१२. राजस्व न्यायाधिकरण कहाँ कहाँ छन् ? कुन कुन क्षेत्रको करदाताले कहाँ पुनरावेदन गर्नुपर्दछ ?**

- *राजस्व न्यायाधिकरण, काठमाण्डौं काठमाडौं उपत्यका भित्रका तथा हेटौंडा, भरतपुर, सीमरा, बिरगन्ज र जनकपुर आ.रा.का.को कार्यक्षेत्र अन्तर्गतका करदाताहरू ।*
- *राजस्व न्यायाधिकरण विराटनगर भद्रपुर, विराटनगर,धरान र लहान आ.रा.का.को कार्यक्षेत्र अन्तर्गतका करदाताहरू ।*
- *राजस्व न्यायाधिकरण पोखरा पोखरा, भैरहवा र कृष्णनगर आ.रा.का.को कार्यक्षेत्र अन्तर्गतका करदाताहरू ।*
- *राजस्व न्यायाधिकरण नेपालगंज : नेपालगन्ज, दांग, धनगढी र महेन्द्रनगर आ.रा.का.को कार्यक्षेत्र अन्तर्गतका करदाताहरू ।*

**१३. राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा धरौटी राख्नु पर्छ कि पर्दैन ? कति धरौटी राख्नुपर्छ ?**

*पर्छ । राजस्व न्यायाधीकरणमा पुनरावेदन दिंदा निर्धारित कर रकम मध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्नु पर्दछ ।*

**१४. राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न धरौटी राख्दा बैंक जमानत राख्न मिल्छ कि मिल्दैन ?**

*मिल्छ ।*

१५. **प्रशासकीय पुनरावलोकनमा नगई सोझै राजस्व न्यायाधिकरणमा पुनरावेदन जान मिल्छ कि मिल्दैन ?**

*मिल्दैन ।*